जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, पुस १७ गते २०६३ साल (संख्या ३५

## भाग ३

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम देहायका व्यक्तिहरुले देहाय बमोजिमको पेटेण्ट दर्ता गराउनु भएकोले सोही ऐनको दफा ७क. को उपदफा (१) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :

| क्र.सं. | पेटेण्ट दर्ता गर्ने व्यक्तिको नाम, थर र वतन | दर्ता भएको पेटेण्ट |
|---|---|---|
| १ | श्री कपिल पौड्याल, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३४, पुरानो बानेश्वर । | Easy Auto Watt Hour Reader |
| २ | श्री हरिप्रसाद पाण्डे, गोरखा जिल्ला, खोप्लाङ्ग गा.वि.स. वडा नं. २ घर भै हाल काठमाडौं, नयाँ बानेश्वर । | Lime Encrustation Problem and Remedy Measures in Water Supply |

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकार
अर्थ मन्त्रालयको
सूचना १

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्तांक २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी नेपाल अर्बुद रोग निवारण संस्था, बालकुमारी, ललितपुरद्वारा सञ्चालित भक्तपुर क्यान्सर अस्पतालको लागि Medicine Mondiale, Newzealand बाट सहयोग स्वरुप प्रदान गरिने अमेरिकी डलर १,२५,०००.०० (एक लाख पच्चीस हजार) मूल्य बराबरको Refurbished Varian 2100C Linear Accelerator रेडियोथेरापी मेशिन आयात गर्दा मूल्य अभिवृद्धि कर र स्थानीय विकास शुल्क पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

सूचना २

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारी काठमाडौंले तपसिलमा उल्लेखित मूल्य बराबरका चिकित्सा उपकरणहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १. | Sutrues | $75,417.20 |
| २. | Cannula Surgical Goods | $76,860.00 |
| ३. | Graft and Patches | IC 635,100.00 |
| ४. | Swan Ganz and CVP Catheters | S$30,800.00 |



६३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकारले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ अन्तर्गत समूह ११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी UNIFIED HYDROPOWER Pvt. Ltd. लेखनाथ नगरपालिका, कास्कीले यू. एस. डलर १,७८,२००.०० (एकलाख ठहत्तर हजार दुई सय) मूल्य बराबरको ३२४.०० (तीन सय चौबीस) मेट्रिक टन Hot Rolled Steel Plates आयात गर्दा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

नेपाल सरकारले मूल्य अभिबृद्धि कर ऐन, २०५२ को अनुसूची–१ अन्तर्गत समूह ११ को उपसमूह १८ ले दिएको अधिकार प्रयोग गरी Gautam Buddha Hydropower (P). Ltd. अनामनगर, काठमाडौंले भा. रु. २०,३७,६६५.६० (बीस लाख सैंतीस हजार छसय पैंसट्ठी पैसा साठी) मूल्य बराबरको बिद्युतीय उपकरण आयात गर्दा मूल्य अभिबृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २२ ले दिएको अधिकार प्रयोग गरी रामलाल गोलछा आँखा अस्पताल प्रतिष्ठान विराटनगरले देहायका मूल्य बराबरको देहायबमोजिमका चिकित्सा सामग्रीहरू आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | सामानको नाम | मूल्य |
|---|---|---|
| १. | Green Lazer Photocoagulatro | Y. 42,46,500.00 |
| २. | A/B Scan | U. $. 10,375.00 |



२८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. Phaco Emulsifier and Accessories I. C. 11,85,026/-
४. Prism Far Zabby's I. C. 1,01,397/-
५. B. Circuit I. C. 40,000/-

## सूचना ६

नेपाल सरकारले सामयिक कर असुल ऐन, २०१२ बमोजिम खण्ड ५६, अतिरिक्ताङ्क २३, मिति २०६३ असार २८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको आदेशको दफा २१ ले दिएको अधिकार प्रयोग गरी पाटन अस्पताल, लगनखेल, ललितपुरले प्रसूति कक्ष (Maternity Ward) निर्माण गर्न भा. रु. ९९,८६,९९२।५० (उनान्सय लाख छयासी हजार बयानब्बे पैसा पचास), अमेरिकी डलर ४,२६,८७९.०० (चार लाख छब्बीस हजार आठ सय उनासी) र युरो २६,०७०.०० (छब्बीस हजार सत्तरी) मूल्य बराबरको निर्माण सामग्रीहरु आयात गर्दा एक प्रतिशत भन्सार महसुल असुल गरी बाँकी भन्सार महसुल र मूल्य अभिवृद्धि कर पूरै छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



५३८
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नेपाल सरकारले डोटी जिल्लाको सिलगढीदेखि अछाम जिल्लाको साँफेबगरसम्मको सडकलाई "पहलमान सिंह स्वाँर मार्ग" नामाकरण गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
नारायणप्रसाद सिलवाल
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग सिंहदरबार,, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो. द्. व. नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।